# माङसेबुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### इभाङ, इलाम

पत्र संख्या : २०७९/०८०
च. नं.: ३२०

मिति : २०७९/०७/१७
१ नं. प्रदेश, नेपाल

**शिलबन्दी बोलपत्र आह्वानको सूचना**

**(तेस्रो पटक सूचना प्रकाशित मिति २०७९ कार्तिक १७ गते)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए बमोजिम माङसेबुङ गाउँपालिका, गाउँ कार्यपालिकाको बैठकबाट भएको निर्णय अनुसार आ. व. २०७९/०८० का लागि स्वीकृत IEE प्रतिवेदनमा निर्धारण भए बमोजिम तपशीलमा उल्लिखित नदीहरुको स्वीकृत स्थलहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी माङसेबुङ गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र आवश्यक कागजात सहित तपशील बमोजिमका शर्तहरुको अधीनमा रही **HARD COPY** मार्फत् बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

| क्र. सं. | बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिणाम (घन फि.) | न्यूनतम बोलपत्र रकम (मू.अ. कर बाहेक) रु. | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| 1 | 01/MRM/Revenue/2079-80 | Collection and Extraction of Natural River Bed materials Sand, Gravel and Boulder at<br>1. Deumai Khola, Phakphok Dovan, Lamphewa Baramure, Lamphewa Dovan Baramure, Gajurmukhi Dham Khel Maidan Chheu. Mangsebung - 1 Section<br>2. Phewa Khola Ghat 1, Ghat 2, Sumsajung. Mangsebung 1 & 2 Section | 312228.0 | 10,00,000.0 | 1,000.0 |

**शर्तहरु**

१ बोलपत्र फाराम फर्म दर्ता प्रमाण पत्र, नवीकरण भएको प्रमाण–पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण–पत्र तथा आ.व.०७७/०७८ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि पेश गरी सूचनामा उल्लेखित मिति, समय

प्रमोद कुमार चौहान
प्रमुख प्रशासकिय अधिकृत

र स्थानमा सूचना प्रकाशित भएको मितिले १५ औं दिनको समयमा यस कार्यालयको नाममा सिटिजन्स् बैंक इन्टरनेशनल लि. माङसेबुङ शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ०६९०१००००००१२०२ मा बोलपत्र फारम दस्तुर दाखिला गरेको सक्कल भौचर संलग्न राखी खरिद गरि १६ औ दिनको १२:०० बजेभित्र नेपाली नागरिक भए आफूले कबोल गरेको ठेक्का अंक (मु. अ. कर सहित) को ५% र गैर नेपाली नागरिक भए १०% धरौटी रकम यस कार्यालयको नाममा सिटिजन्स् बैंक इन्टरनेशनल लि. माङसेबुङ शाखामा रहेको धरौटी खाता नं ०६९०१००००००२९२०१ मा दाखिला गरेको सक्कल भौचर वा बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त बाणिज्य वैकले जारी गरेको कम्तीमा १२० दिनको म्याद भएको जमानतपत्र (विडवण्ड) शिलबन्दी बोलपत्र साथ संलग्न राखी पेश गर्नु पर्नेछ । धरौटी जम्मा गरेको भौचरको पछाडि धरौटी जम्मा गर्ने व्यक्ति, फर्मको नाम स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

२ रीतपूर्वक दाखिला भएका बोलपत्रहरु नजिकको कार्यालय प्रतिनिधि र बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहेवरमा खोलिनेछ । तर बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३ रीत नपुगी म्याद नाघी आएको वा कुनै शर्त राखी आएका बोलपत्रहरु उपर कुनै कारवाही गरिने छैन । गाउँपालिकालाई तिर्न बुझाउन बाँकी बक्यौता रहेका व्यक्ति, कम्पनी वा फर्मलाई ठेक्का प्रकृयामा संलग्न गरिने छैन ।

४ स्वीकृत बोलपत्र दाताले कबोल बमोजिमको वार्षिक ठेक्का रकम एकमुष्ट बुझाएमा १० प्रतिशत रकम छुट दिन सकिनेछ । स्वीकृत बोलपत्र दाताले किस्ता बन्दिमा रकम बुझाउन चाहेमा कबोल अंकको ४० (चालीस) प्रतिशतले हुनआउने रकम स्थानीय सञ्चित कोष खातामा जम्मा गरी बाँकी ६० प्रतिशत बराबरको रकम ठेक्का सम्झौता अवधि सम्मको समयावधि भएको वाणिज्य बैंकको कार्य सम्पादन जमानत पेश गरेपछि मात्र सम्झौता गरिनेछ । दोस्रो किस्ता कबोल अंकको ३० प्रतिशतले हुने रकम पुष मसान्तभित्र र अन्तिम किस्ता कबोल अंकको ३० प्रतिशतले हुने रकम वैशाख मसान्तभित्र कार्यालयमा जम्मा गरी सक्नु पर्नेछ ।

५ कुनै कारण देखाई वा नदेखाई ठेक्का स्वीकृती गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँ कार्यपालिकामा सुरक्षित रहनेछ । तर कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम छुट वा मिनाहा सम्बन्धी माग कार्यालयलाई स्वीकार्य हुनेछैन ।

६ ठेक्का रकम असुली सम्बन्धी प्रशासनिक खर्च ठेकेदार आफैंले बेहोर्नु पर्नेछ र प्रचलित कानुन बमोजिम लाग्ने कर दस्तुर आदि बुझाउनुपर्ने दायित्व ठेकेदारको हुनेछ । कर असुली गर्न नगदी रसिद ठेकेदारले आफनो तर्फबाट छपाई यस कार्यालयबाट प्रमाणित गराएर मात्र प्रयोगमा ल्याउनु पर्नेछ

७ बोलपत्र खरिद र दाखिला गर्ने अन्तिम दिन सार्वजानिक बिदा परेमा सोको भोलिपल्ट तोकिएको समय भित्र खरिद तथा दाखिला गर्न सकिने छ ।

८ बोलपत्र फारममा कबोल रकम अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

९ यस सूचनामा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

१० थप जानकारीका लागि यस कार्यालयमा वा सूचना अधिकारी ओम प्रकाश खड्का मो. नं. ९८५११६६४९६ मा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ

२०७४।०८।१८

विनोद कुमार चौहान
प्रमुख प्रशासकिय अधिकृत